
# स्थानीय सरकारका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन स्रोत सामग्री




Fostering Knowledge on Disaster
DPNet Nepal

# प्राक्कथन

नेपाल बहुप्रकोपीय दृष्टिले जोखिमयुक्त अवस्थामा रहेको मुलुक हो । नेपालको सविधान, २०७२ ले संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सूचीमा उल्लेख गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि तीनै तहका सरकारलाई जिम्मेवार वनाएको छ । नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धताहरु जनाउँदै विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्य ढाँचा (सन् २०१५) लाई सम्बोधन गर्न भनी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (२०७५-२०८७) तर्जुमा भइसकेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएका छन् ।

संघीय संरचनाबमोजिम जनताको सबैभन्दा नजिकको स्थानीय सरकारको रूपमा गाउँपालिका र नगरपालिकाहरु रहेका छन् । नेपाल सरकारले अवलम्बन गरेका नीति, कानुन तथा रणनीतिक कार्ययोजनाहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय सरकारलाई बढी अधिकार सम्पन्न र जिम्मेवार वनाएको पाइन्छ । त्यसैले विपद्बाट हुने सक्ने जोखिम न्यूनीकरणमा ठोस योगदान गरी जनताको जीउधन सुरक्षाको प्रत्याभूति गर्नु स्थानीय सरकारको दायित्व हुन आएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारबाट तर्जुमा भएका नीति तथा कानुनमा भएका प्रमुख व्यवस्थाका सम्बन्धमा सरल र सहज रूपमा जानकारी हासिल गर्न स्थानीय तहका पदाधिकारी तथा सरोकारवालाहरूका लागि लक्षित गरी यो स्रोत सामग्री तयार पारिएको छ । स्रोत सामग्रीले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी बुझाइमा एकरूपता ल्याई स्थानीय आवश्यकताअनुसार नीति, कानुनहरूको तर्जुमा तथा सोको कार्यान्वयनका लागि अभिप्रेरित गर्न सहयोग पुग्ने विश्वास लिएका छौं ।

स्रोत सामग्री तयार पार्ने क्रममा वेलौरी नगरपालिका, कञ्चनपुर जिल्ला विपद् व्यवस्थापन समिति, सप्तरी तथा डिपिनेटबाट आयोजित परामर्श बैठकहरूमा उपस्थित भई सुझाव प्रदान गर्नु हुने सबैमा आभार व्यक्त गर्दछौं । स्रोत सामग्री तयार पार्न लेखन सम्पादन तथा प्रकाशनमा सहयोग गर्नु हुने डिसिएका कृष्णा कार्की, ईयू भोलेन्टियरका अगटानेर, माड्स रेम तथा परामर्शदाता, राष्ट्रिय प्रकोप व्यवस्थापन सञ्जाल, नेपाल (डिमान)का महासचिव अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनालाई विशेष धन्यवाद ।

अन्त्यमा यो स्रोत सामग्रीको अध्ययन गरी उपयोग गर्न र यस स्रोत सामग्रीका बारेमा रचनात्मक सुझाव दिई डिपिनेटलाई सहयोग गर्न सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछु ।

सूर्यबहादुर थापा
अध्यक्ष

# १. परिचय

नेपाल विश्व भूगोलमा सानो देश भए पनि प्राकृतिक सम्पदा र विविधताको दृष्टिले धनी र सुन्दर छ । तथापि भौगर्भिक रूपमा गतिशील पर्वत शृंखला तथा कमजोर भौगोलिक वनावटका कारण भौगर्भिक तथा जलवायुजन्य प्रकोपबाट पीडित बन्दै आएको छ । पहाडी भाग बाढी, पहिरो, तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको र हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटको खतरा नेपालीले भोग्दै आएका छन् ।

नेपालमा भूकम्प, बाढी, पहिरो, चट्याङ, वन्यजन्तु आक्रमण, आगलागी, सडक, हवाई र औद्योगिक दुर्घटना, भौतिक संरचना भत्कने, महामारीजस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूले गर्दा जनधनको ठूलो क्षति हुने गरेको छ । जलवायु परिवर्तन, वायु प्रदूषण, अव्यवस्थित सहरीकरण र जोखिम असंवेदनशील विकासका कार्यहरूले गर्दा विपद् संकटासन्नतामा अझ वृद्धि भइरहेको छ ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई उच्च प्राथमिकता दिँदै अन्तर्राष्ट्रिय स्तरमा आफ्नो सहभागिता र प्रतिबद्धता व्यक्त गर्दै आएको छ । पछिल्लो पटक विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा (सन् २०१५), जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, दिगो विकास लक्ष्य (सन् २०१५ –२०३०) प्रति नेपालले प्रतिबद्धता जनाइसकेको छ ।

नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाउँदै आएको प्रतिबद्धताअनुसार नेपालको संविधान, २०७४ को विभिन्न भाग, धारा, राज्यका नीति र अनुसूचीमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको विषयलाई महत्वका साथ समेटेको पाइन्छ । जसअनुसार संघ र प्रदेशको तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची तथा स्थानीय तहको एकल अधिकारको सूचीमा विपद् व्यवस्थापनको अधिकार संविधानले प्रदान गरी तिनै तहका सरकारलाई जिम्मेवार बनाएको पाइन्छ । त्यसैको आधारमा नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति, २०७५ र रणनीतिक कार्ययोजना, २०७५ स्वीकृत गरेको छ । संविधान, कानुन, नीति र रणनीतिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तर्जुमा भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विपद् व्यवस्थापनका क्षेत्रमा गर्नुपर्ने काम कर्तव्य अधिकारसमेत तोकी जिम्मेवार बनाएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापना सम्बन्धमा भएका अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय नीतिहरूको कार्यान्वयनको सुनिश्चिताका लागि स्थानीय तहमा प्रतिबद्धताको खाँचो छ । केही स्थानीय तहहरूबाट स्थानीय कानुनहरूको तर्जुमा गर्ने, विपद् पूर्वतयारीका लागि बजेट विनियोजन गर्ने, जोखिम क्षेत्रहरूको पहिचान गर्ने, नगरपालिकाको विपद् सम्पर्क व्यक्ति तोक्ने तथा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना गर्ने जस्ता केही सकारात्मक अभ्यासहरु थालनी

समेत भइसकेका छन् । यस्ता सकारात्मक अभ्यास र अनुभवहरूको आदानप्रदान गरी योगदानमा प्रतिस्पर्धा हुन आवश्यक छ ।

कानुन तथा नीतिहरूमा भएका व्यवस्थाहरूमध्ये स्थानीय तहसँग सम्बन्धित प्रमुख व्यवस्था तथा स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा तत्काल गर्नु पर्ने महत्वपूर्ण कार्यहरूका सम्बन्धमा सरल, स्पष्ट र सहज रूपमा स्थानीय तहका लागि जानकारी हासिल गर्न सहयोग मिलोस् भन्ने उद्देश्यले यो स्रोत सामग्री तयार पारिएको हो । स्रोत सामग्रीले स्थानीय तहका सम्बन्धित सरोकारवालाहरूका लागि विपद् व्यवस्थापनका सम्बन्धमा नीतिगत कुराहरूको आ( धारभूत रूपमा जानकारीका हासिल गर्नका लागि सहयोगी बन्नेछ । यस क्षेत्रमा भएका कानुनी तथा नीतिगत व्यवस्थाहरु तथा तत्कालीन, मध्यमकालीन र दीर्घकालीन रूपमा गर्नुपर्ने समग्र क्रियाकलापका सम्बन्धमा विस्तृत जानकारी हासिल गर्नका साथै सम्बन्धित ऐन नीतिगत व्यवस्थाहरूको अध्ययन गरी स्थानीयकरण गर्नका लागि श्रोत साम्रग्रीले प्रेरित गर्ने विश्वास लिइएको छ ।

**विपद् जोखिमको अवस्थाबाट सुरक्षित हुने कुराको सुनिश्चितता गर्न संविधान, नीति र कानुनहरूले स्थानीय सरकारलाई जिम्मेवार वनाएको छ । विपद्को उच्च जोखिममा रहेका समुदायहरूको सुरक्षित रुपमा बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि अधिकतम उपायहरू अवलम्बन गर्नु स्थानीय सरकारको दायित्व हुन आएको छ ।**

## २ स्रोत सामग्रीको उद्देश्य, लक्षित समूह र प्रयोग विधि

**उद्देश्य :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा तर्जुमा भएका ऐन, नीति तथा रणनीति कार्ययोजनामा स्थानीय तहका लागि सम्बोधन गरिएका प्रमुख व्यवस्थाहरूको स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरूलाई जानकारी गराउन, तिनको बुझाइमा एकरूपता ल्याई उत्थानशील समुदाय निर्माण गर्न प्रेरित गर्नु स्रोत सामग्रीको उद्देश्य रहेको छ ।

**लक्षित समूह :** स्थानीय तहका जन प्रतिनिधिहरु र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशील सरोकारवालाहरु यस स्रोत सामग्रीबाट लाभान्वित हुनेछन् ।

**प्रयोग विधि :** यस स्रोत सामग्रीमा उल्लेखित कुराहरु कानुन, नीति, तथा रणनीतिक कार्ययोजनामा भएका प्रमुख व्यवस्थाहरूको संक्षेपीकरण हो । कानुन तथा नीतिगत व्यवस्थाहरूको विस्तृत जानकारी हासिल गर्न सम्बन्धित कानुन तथा नीतिहरूको अध्ययन गर्नुपर्छ ।

# ३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी विद्यमान कानून तथा नीतिगत व्यवस्थाहरु

## ३.१ विपद् जोखिम व्यवस्थापन तथा व्यवस्थापनसँग सम्बन्धित प्रमुख कानुन तथा नीतिहरु

- नेपालको संविधान, २०७२
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, (२०७५-२०८७)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

### ३.१.१ नेपालको संविधानमा भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

नेपालको संविधान, २०७२ ले नेपालको संवैधानिक इतिहासमै पहिलो पटक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको विषयवस्तुलाई समेटेर यसलाई संवैधानिक रूपमै प्राथमिकता प्रदान गरेको छ । यसले वर्तमान संघीय संरचनाअनुरूप संघ, प्रदेश र स्थानीय तीनवटै तहका सरकारलाई सशक्त र प्रभावकारी रूपमा कार्य गर्न मार्गदर्शन गरेको छ ।

**विपद् जोखिम व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित अन्य नीति कानुनहरु**

- वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४
- प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३
- जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२
- राष्ट्रिय जलबायु नीति, २०६७
- राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- वन डँढेलो व्यवस्थापन रणनीति, २०६७
- राष्ट्रिय सहरी विकास रणनीति, २०७३
- वारुद यन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७
- विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१
- वन्यजन्तुबाट अप्रत्याशित रूपमा हुने क्षतिको राहत सहयोगसम्बन्धी निर्देशिका, २०६५
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४
- जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७
- विपद्पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहतसम्बन्धी मापदण्ड, २०६४
- बर्ड फ्लु नियन्त्रण आदेश, २०६४, २०६५, २०६७
- नेपाल सरकारको ८३ वटा खुला क्षेत्र कायम गर्ने निर्णय, २०६९
- राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०
- Guidelines on Emergency Preparedness & Disaster Management for Hospitals, 2002
- जिल्लास्तरीय आकस्मिकता योजना पुस्तिका नेपाल, २०६६
- राष्ट्रिय अनुकूलन कार्यक्रम, २०६७
- राष्ट्रिय अनुकूलन राष्ट्रिय संरचना, २०६८
- राहत कार्यक्रम तथा अनुगमन कार्ययोजना
- बहुसंख्यक घाइतेको व्यवस्थापन प्रणाली
- आवधिक राष्ट्रिय योजना

### ३.१.१.१ मौलिक हक र कर्तव्य

- धारा ३० : प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।
- धारा ३७ : प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।

### ३.१.१.२ राज्यका नीत निर्देशक सिद्धान्त, नीति तथा दायित्व

**धारा ५० राज्यका निर्देशक सिद्धान्तहरु :**

- नागरिकको जीउधन र समानताको संरक्षण गरी मानवअधिकार र सामाजिक न्यायको माध्यमद्वारा लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने ।


**धारा ५१ राज्यका नीतिहरु**

देहाय (छ) प्राकृतिक र स्रोत साधनको संरक्षण संवर्द्धन र उपयोग सम्बन्धी नीति

- देशमा उपलब्ध प्राकृतिक स्रोतसाधनको संरक्षण संवर्द्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने । (छ) (१)
- जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने । (छ) (४)
- जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने (छ) (५)
- प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरु अवलम्बन गर्ने । (छ) (७)
- वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमतिजस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्वन गर्ने । (छ) (८)
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने । (छ) (९)

### ३.१.१.३ अनुसूचीमा भएको व्यवस्था

अनुसूची ८ : स्थानीय तहको अधिकार
क्रसं. ९ : आधारभूत स्वास्थ्य र सरसफाइ
क्रसं. २० : विपद् व्यवस्थापन
अनुसूची ९ : संघ र प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची
क्रसं. ९ : विपद् व्यवस्थापन




### ३.१.१.४ अनुसूचीका अधिकार कार्यान्वयनको आधारहरू

अनुसूची बमोजिमको अधिकार कार्यान्वयनका लागि संविधानमा निम्न बमोजिम व्यवस्था गरिएको छ ।

- गाउँ वा नगर सभाले बनाएको कानुन बमोजिम हुनेछ । धारा ५७ को उपधारा (४) र (५)
- स्थानीय कार्यकारिणी अधिकार स्थानीय तहलाई हुनेछ । धारा २१४ को उपधारा (२)
- स्थानीय तहको गाउँ सभा र नगर सभाको व्यवस्थापकीय अधिकार रहेको छ । धारा २२१ को उपधारा (२)
- गाउँ नगर सभाले आवश्यक कानुन बनाउन सक्नेछ । धारा २२६ को उपधारा (१)

## ४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४

### ऐनका मुख्य विशेषताहरु

- **सवैधानिक प्रावधान अनुरूप तर्जुमा गरिएको**
- **विपद् व्यवस्थापनको समग्र मामिलालाई समेटिएको**
- **राष्ट्रिय परिषद, कार्यकारी समिति, प्रदेश, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था तथा तिनको अन्तरसम्बन्ध**
- **प्राधिकरणको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था**
- **प्राकृतिक र गैरप्राकृतिक विपद्को वर्गीकृत प्रावधान**
- **सुरक्षा निकाय, सार्वजनिक संस्था र व्यावसायिक प्रतिष्ठानको भूमिका बारे स्पष्ट प्रावधान**
- **कसुर तथा दण्डको व्यवस्था**
- **विपद् व्यवस्थापन कोषको व्यवस्था**
- **आवधिक प्रतिवेदनको अनिवार्यता**

विपद् व्यवस्थापनका क्षेत्रमा क्रियाशील संघसंस्था र अभियन्ताहरूको लामो समय देखिको निरन्तर वकालत र पैरवीको फलस्वरूप अधिकारमुखी अवधारणामा आधारित भई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तर्जुमा भई लागू भएको छ । ऐनले स्थानीय तहलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि योगदान गर्न केही महत्वपूर्ण अवसर प्रदान गर्नुको साथै काम, कर्तव्य र अधिकारहरु तोकी जिम्मेवार बनाएको छ । ऐनमा भएका महत्वपूर्ण व्यवस्थाहरु निम्न बमोजिम रहेका छन् ।

- परिभाषा : विपद्, प्राकृतिक विपद्, गैर प्राकृतिक विपद्, विपद् खोज तथा उद्धार समूह, विपद् जोखिम न्यूनीकरण, विपद् पुनर्लाभ, विपद् प्रतिकार्य, विपद् व्यवस्थापन जस्ता महत्वपूर्ण शब्दहरूको ऐनमा स्पष्ट रूपमा परिभाषा गरिएको छ । (दफा २)

- परिषद्ले स्थानीय तहलाई नीतिगत मार्गदर्शन गर्ने : प्रधानमन्त्रीको अध्यक्षतामा गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्ले विपद् व्यवस्थापनसम्बन्धी काममा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने व्यवस्था रहेको छ । (दफा ५ (ग) )
- कार्यकारी समितिले स्थानीय तहको संस्थागत विकास गर्ने गराउने : गृहमन्त्रीको अध्यक्षता रहने कार्यकारी समितिले विपद् व्यवस्थापनका सम्बन्धमा स्थानीय तहको संस्थागत विकास गर्ने गराउने रहेको छ । (दफा ८ देहाय (च)
- प्राधिकरणले स्थानीय तहलाई आर्थिक तथा प्राविधिक सहयोग तथा खोज उद्धार तथा राहत प्रदान गर्ने : ऐन कार्यान्वयनका लागि सर्वोच्च कार्यकारी निकायको रूपमा रहको राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गर्ने रहेको छ । दफा ११ देहाय (घ)
- प्राधिकरणले स्थानीय तहमा खोज तथा उद्धार समूह गठन तथा क्षमता विकास गरी प्रभावकारी खोज उद्धार तथा राहत प्रदान गर्ने गराउने व्यवस्था छ । दफा ११ देहाय (च)
- स्थानीय विपद् व्यवस्थापन समितिको गठनसम्बन्धी व्यवस्था : गाउँपालिकाका अध्यक्ष र नगरपालिकाका प्रमुखको अध्यक्षतामा प्रत्येक स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समितिको गठन हुने व्यवस्था छ । (दफा १७ (१)
- स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थाः (दफा १७ (२)
  - स्थानीय विपद् व्यवस्थापन योजना तयार गरी लागू गर्ने ।
  - स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने ।
  - सरकारी निजी एवम् गैरसरकारी संस्था स्थानीय स्वयम्सेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउने ।
  - स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयम्सेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने व्यवस्था मिलाउने ।
  - भौतिक संरचना निर्माण गर्दा भवन निर्माण आचारसंहिता पालना गर्न लगाउने ।
  - स्थानीय समुदायलाई विपद्प्रति जागरूक बनाउन, विपद्सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्न, तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने ।
  - विपद् प्रतिकार्यका लागि आपत्कालीन नमुना अभ्यास गराउने ।
  - विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने ।
  - विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे, नगरेको अनुगमन गर्ने ।
  - स्थानीय विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गर्ने गराउने ।
  - स्थानीय स्तरमा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने ।
  - विपद्मा परी हराएका बिग्रेका वा नष्ट गरिएका कागजातको यकिन तथ्यांक अध्यावधिक गरी राख्न लगाउने ।

- विपद्बाट प्रभावित घर परिवारको पहिचान स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने ।
- विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारूद यन्त्रलगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ।
- कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने, गराउने ।
- विपद् व्यवस्थापनसम्बन्धी ऐन नियममा तोकिएबमोजिम अन्य कार्य गर्ने, गराउने ।

- सुरक्षा निकायले स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक सामग्री माग गर्न सक्नेः सुरक्षा निकायले विपद्को समयमा खोज, उद्धार कार्यका लागि स्थानीय विपद् व्यवस्थापन समितिसँग माग गरेको आवश्यक सामग्री उपलब्ध गराउनु स्थानीय तहको कर्तव्य रहन गएको छ । दफा १८ को उपदफा (५)
- वारूद यन्त्र र अन्य सेवाप्रदायक निकायको काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था : (दफा १९)
  - कुनै स्थानमा विपद् परेमा वारूद यन्त्र तथा अन्य सेवाप्रदायक निकायले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिमा जानकारी गराउनुपर्ने ।
  - वारूद यन्त्र तथा अन्य सेवाप्रदायक निकायले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिले दिएको निर्देशन पालना गर्नुपर्ने ।
  - आपत्कालीन कार्य सम्पादन गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार बारूद यन्त्र प्रदायकलाई हुने ।
- सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थाः (दफा २०)

  स्थानीय तहको आदेशअनुसार आफ्ना भवन तथा अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले उपलब्ध गराउनु पर्नेछ ।
- विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्थाः (दफा २३ को उपदफा (१)

  विपद् व्यवस्थापनका लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने व्यवस्था छ ।
- कसुर तथा सजायसम्बन्धी व्यवस्था : (दफा २४)

  विपद्को घटना घट्न सक्ने गरी लापरबाही गरेमा पाँच लाख रूपैयाँसम्म जरिबाना र दुई वर्षसम्म कैदको सजाय हुन्छ । विपद् घट्न सक्ने अवफाव फैलाउने, चन्दा राहत सहयोग संकलन गरी आफूखुसी वितरण गरेमा वा व्यक्तिगत लाभमा प्रयोग गरेमा, विपद्को समयमा अप्राकृतिक रूपमा मूल्यवृद्धि, कृत्रिम अभाव वा गुणस्तरहीन सेवा वा वस्तुको कारोबार गरेमा एक लाख रूपैयाँ सम्म जरिवाना र ६ महिनासम्म कैद हुने र कानुनबमोजिम अख्तियारी प्राप्त व्यक्तिलाई कर्तव्य पालना गर्न बाधा पुऱ्याएमा, कानुनबमोजिम जारी आदेश पालना नगरेमा, राहत सामग्री वितरणमा अवरोध वा दुरूपयोग गरेमा वा ऐन तथा नियमविपरीत काम गरेमा ५० हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ ।

- क्षतिपूर्ति भराई लिन पाउने : (दफा २५) यस ऐनबमोजिमका कसुरबाट हानिनोक्सानी पुग्ने व्यक्तिले मनासिव क्षतिपूर्ति भराई लिन पाइन्छ ।
- नेपाल सरकार वादी हुने : (दफा २७)
  यस ऐनअन्तर्गतको मुद्दा नेपाल सरकार वादी भई मुद्दा चल्छ ।
- नेपाल सरकारले दिएको आदेश पालना गर्नुपर्ने :(दफा ३३)
  विपद्को अवस्थामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको उद्देश्यले नेपाल सरकारले दिएको आदेश पालना गर्नु सम्बन्धित व्यक्ति, संस्था वा अधिकारीको कर्तव्य हुन्छ ।
- तत्काल खरिद तथा निर्माण गर्न सकिने :(दफा ३७)
  विपद्को अवस्थामा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा विपद्बाट थप क्षति हुन नदिनका लागि विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी सार्वजनिक खरिदसम्बन्धी कानुनी व्यवस्थाबमोजिम खरिद तथा निर्माण कार्य गर्न सकिन्छ ।
- राहत न्यूनतम मापदण्ड पालना गर्नुपर्ने : (दफा ३९)
  नेपाल सरकारले तोकेको राहतको न्यूनतम मापदण्ड पालना हुने गरी प्रभावित व्यक्तिलाई राहत वितरण गर्नु पर्दछ ।
- उपसमिति गठन गर्न सक्ने (दफा ४३):
  स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्छ । उपसमितिको काम, कर्तव्य अधिकार गठन गर्दाको अवस्थामा समितिले तोकेबमोजिम हुन्छ ।
- वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने (दफा ४५) :
  स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरणसहितको वार्षिक प्रतिवेदन जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समितिमा पेस गर्नुपर्दछ ।

**"मुलुकको दिगो विकासमा सघाउ पुऱ्याउने र आम नागरिकको सुरक्षित बाँच्न पाउने अधिकारको संरक्षणको लागि विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरण ऐनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो ।"**

## ५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

मुलुकमा राजनीतिक परिवर्तनको परिणामस्वरूप संघीय संरचनाअनुसार स्थानीय सरकारका रूपमा गाउँपालिका र नगरपालिकाहरू स्थापना भएका छन् । संविधानको अनुसूची ८ बाट प्राप्त एकल अधिकार सर्वसामान्यता प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (नं) लगायतका ऐनका दफाहरूमा विपद् जोखिम न्यूनीकरण र

व्यवस्थापनका लागि निम्नबमोजिमका काम, कर्तव्य र अधिकार स्थानीय तहलाई प्रदान गरी जिम्मेवार बनाएको छ ।

- विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनगुमन र नियमन गर्ने,
- स्थानीयस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोजी तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गर्ने,
- स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने,
- विपद् जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने,
- विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय सामाजिक संघसंस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने,
- विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने,
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी स्थानीयस्तरका आयोजनाको निर्माण कार्यान्वयन, अनगुमन र नियमन गर्ने,
- विपदपश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण गर्ने,
- स्थानीयस्तरको विपद्सम्बन्धी तथ्यांक व्यवस्थापन र अध्ययन अनसुन्धान गर्ने,
- स्थानीय आपत्कालीन कार्य सञ्चालन प्रणाली गर्ने,
- समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमको सञ्चालन गर्ने,
- विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने,
- विपद् व्यवस्थापनसम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाका लागि नगर प्रहरी परिचालन गर्ने, दफा ११ (२) (क) (२)
- आपत्कालीन स्वास्थ्य तथा महामारी नियन्त्रण योजना र कार्यान्वयन गर्ने, दफा २(४) (३) (ख) १५
- स्थानीयस्तरको विपद् जोखिम न्यूनीकरण, स्थानीयस्तरको वातावरणीय जोखिम न्यूनीकरण गर्ने, दफा २(४) (३) (ङ) १८ र २३
- जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य यातायात प्रणालीको प्रवर्द्धन गर्ने, दफा २(४) (३) (ट) ३
- योजना तर्जुमा गर्दा दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धनमा सहयोग पुर्‍याउने योजनामा प्राथमिकता दिनुपर्ने, दफा २४ (३) (ज)

- विपद् व्यवस्थापन, दमकल तथा एम्बुलेन्स सेवा सञ्चालनको कार्यलाई अन्य गाउँपालिका तथा नगरपालिकासँग साझेदारीमा सम्झौता वा संयुक्त व्यवस्थापनमा गर्न सक्ने दफा २६(ख) र (ङ)
- भवन निर्माणसम्बन्धी
    - तोकिएको क्षेत्र र संरचनाबाहेक नक्सा पास नगरी भवन निर्माण गर्न दिन नहुने, भूजोखिम संवेदनशीलताको आधारमा जग्गाको उपभोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकिएको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृत दिन सक्ने दफा २७ (१) (२)
    - आफ्नो क्षेत्रमा रहेको भवनको वर्गीकरण गरी भूकम्प र विपद्का दृष्टिले जोखिमयुक्त भवनहरूलाई पुनर्निर्माण गर्न, प्रबलीकरण (रेट्रो) गर्न वा भत्काउन आदेश दिन सक्ने । (दफा २७ (४)

# ६ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा, दिगो विकासका लक्षहरु र जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौतालगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरुमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरूलाई सम्मान गर्दै राष्ट्रिय आवश्यकता अनुरुप मूलनीतिको रुपमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति तर्जुमा भएको हो । राष्ट्रिय नीति अनुकूलका आफ्ना नीति, कानुन तथा कार्यक्रमहरुको तर्जुमा र सोको प्रभावकारी कार्यान्वयनबाट स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य प्रभावकारी बनाई राष्ट्रिय लक्ष्य हासिल गर्न आवश्यक योगदान गर्नु हरेक स्थानीय सरकारको दायित्व रहन गएको छ ।

## ६.१ नीतिको दीर्घकालीन सोच, ध्येय, लक्ष्य र उद्देश्यहरु

| दीर्घकालीन सोच | ध्येय | लक्ष्य |
|---|---|---|
| विपद् जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्ने । | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई सन्तुलित रूपमा कार्यान्वयन गर्नु,<br>• विपद्बाट हुने जोखिम तथा क्षतिमा उल्लेख्य कमी गरी उत्थानशीलता वृद्धि गर्नु । | • विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रूपले कम गर्नु,<br>• जीविकोपार्जनका साधनहरू, महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरूको उत्थान शीलता वृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु । |

**उद्देश्यहरू**
**मुख्य उद्देश्य :**

- विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा कम गर्नु ।

अन्य उद्देश्यहरू :

- विपद् जोखिमको बुझाइ अभिवृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिमसम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।
- विपद् जोखिम शासनको सुदृढीकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकूलनका क्रियाकलापसँग एकीकरण गर्दै समग्र विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने ।
- विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण तथा बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास एवं विस्तार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।
- 'अझ राम्रो र अझ बलियो' अवधारणा अनुरूप विपद् पश्चात्को पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माण गर्ने ।

६.२ नीतिको अवधारणाको आधार

- संविधानअनुसार सरकारका तीन तहबीच समन्वय तथा सहकार्यको सिद्धान्तलाई अवलम्बन गर्ने ।
- समाजका सबै सरोकारवालाहरूको संलग्नता तथा साझेदारिता र लैंगिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने ।
- जोखिम संवेदनशील विकासको अवधारणा अवलम्बन गर्ने ।
- बहुप्रकोप विपद् जोखिम व्यवस्थापनको अवधारणा अवलम्बन गर्ने ।
- स्थानीय विशेषता अनुरूप विज्ञान तथा प्रविधिको प्रयोग र स्थानीय साधन, स्रोत, ज्ञान र सीपको अत्यधिक उपयोग गर्ने ।
- नवप्रवर्तनमुखी वित्तीय लगानीको अवधारणा अवलम्बन गर्ने ।
- पुनर्स्थापना र पुनर्निर्माणमा 'अझ राम्रो र अझ बलियो' अवधारणा अवलम्बन गर्ने ।

### ६.३ नीति:

- विपद् जोखिमसम्बन्धी विषयलाई शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ ।
- सूचना तथा सञ्चारका माध्यमहरूको प्रभावकारी उपयोगमार्फत सबैमा पहुँच हुने गरी विपद् सम्बन्धी जानकारी, सचेतना र सिकाइ समुदायस्तरसम्म अभिवृद्धि गरिनेछ ।
- संकटउन्मुख समुदायको पहिचान गरी त्यस्ता समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।
- आधुनिक विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी जनसाधारण तथा सरोकारवालाहरूलाई सहज रूपमा विपद् व्यवस्थापनसम्बन्धी सूचना उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणालीलगायत आधुनिक तथा परम्परागत प्रविधिको अध्ययन गरी उपयुक्त प्रविधिको प्रयोग गरिनेछ ।
- स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको गठन गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- समुदायस्तरमा विपद् जोखिम न्यूनीकरणका लागि सिँचाइ, नदी नियन्त्रण, वन व्यवस्थापन, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी तथा सरसफाइलगायतका योजना तर्जुमा कार्यान्वयन तथा व्यवस्थापनमा स्थानीय उपभोक्ता, सामुदायिक संस्था र जनसमुदायको सहभागिता सुनिश्चित गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका सवै चरण तथा संरचनामा समावेशी विपद् व्यवस्थापनको अवधारणा अनुरूप महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरू, आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समुदायको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनेछ ।
- विपद् संवेदनशीलताको अवधारणा अनुरूप सार्वजनिक भौतिक संरचनाहरू (सरकारी कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सामुदायिक भवनहरू र आश्रयस्थल आदि) लाई ज्येष्ठ नागरिक मैत्री, नागरिक मैत्री, लैंगिक मैत्री, अपांगमैत्री एवम् बालमैत्री बनाइनेछ ।
- स्वयम्सेवक परिचालनको लागि समुदायस्तरमा संस्थागत व्यवस्था सुनिश्चित गरिनेछ ।
- विपद् जोखिमबाट सुरक्षित भवन निर्माणकार्यलाई प्रोत्साहन गर्न स्थानीय मापदण्डलाई समयसापेक्ष परिमार्जन गरी लागू गरिनेछ ।
- विकासका भौतिक पूर्वाधारहरूको डिजाइन तथा निर्माणका क्रममा जोखिम सुरक्षित पूर्वाधार नीतिको अवलम्बन गर्नको साथै जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- सुरक्षित समाजको निर्माणका लागि विपद् सुरक्षित संस्कृति **(Culture Of Safty)** प्रवर्द्धन र अवलम्बन गरिनेछ ।
- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी क्रियाकलापहरूको प्रभावकारी रूपमा अनुगमन तथा मूल्यांकन गर्न समावेशी संयन्त्र स्थापना गरिनेछ ।
- राष्ट्रिय जोखिम न्यूनीकरण सञ्जाल **(National DRR Platform)** लाई स्थानीय तहसम्म विस्तार गरी सुदृढीकरण गरिनेछ ।
- निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।
- जीविकोपार्जनका उपायहरूलाई विविधीकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गरिनेछ ।
- समुदायस्तरको विपद् जोखिम न्यूनीकरणमा सामुदायिक तथा सहकारी संस्थाहरूको लगानीलाई प्रोत्साहन गरिनेछ ।

- संकटउन्मुख समुदायको जोखिममा हिस्सेदारी तथा जोखिम हस्तान्तरणका लागि कृषि, पशुपंक्षी तथा व्यवसायमा बिमा व्यवसायमा बिमा गराउने कार्यलाई प्रोत्साहन गरी बिमामा सहज पहुँचको व्यवस्था मिलाइनेछ । साथै बैंक तथा वित्तीय संस्थाहरूमार्फत विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गरिनेछ ।
- स्थानीय सरकारबाट वार्षिक रूपमा निश्चित प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणको कार्यलाई विकासमूलक क्रियाकलापहरूसँग एकीकरण तथा मूल प्रवाहीकरण गरिनेछ । स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमामार्फत प्राप्त क्षेत्रगत सुझावलाई स्थानीय विकास योजनामा प्राथमिकताका साथ संलग्न गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय ज्ञान, सीप, स्रोत र साधनको अधिकतम उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।
- आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको क्षमता विकास गरी घटना नियन्त्रण पद्धति **(Incident Command System)** लाई स्थानीय तहसम्म नै विस्तार गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय तहमा आकस्मिक पूर्वतयारी योजना र विपद्पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- स्थानीय तहसम्म विभिन्न स्तरका खोज तथा उद्धार टोलीको गठन, क्षमता विकास र विस्तार गरिनेछ ।
- स्थानीय स्तरसम्म कानुनबमोजिम विपद् व्यवस्थापन कोषको स्थापना गरी स्रोत परिचालन गरिनेछ ।
- शैक्षिक संस्था, अस्पताल तथा आश्रयस्थलहरूको स्तरोन्नति गरी आपत्कालीन अवस्थामा समूचित उपयोग गर्न मिल्ने व्यवस्था गरिनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि खुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापन गर्नुको साथै संकटउन्मुख क्षेत्रमा पहुँचयुक्त एवं सुरक्षित आश्रयस्थलको निर्माण गरिनेछ ।
- विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन मानवीय सहायता स्थल एवं बन्दोवस्ती स्थलको स्थापना, विकास र विस्तार गरिनेछ ।
- स्थानीय तहमा विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन आपत्कालीन भण्डारण गृहको स्थापना, विकास र विस्तार गरी आवश्यक पर्ने उद्धार तथा राहत सामग्रीहरूको सहज आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- स्थानीय स्तरमा विपद्को समयमा परिचालित हुने स्वयम्सेवकहरूको क्षमता विकास गरिनेछ ।
- भविष्यमा विपद् जोखिमको अवस्था हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न 'अझ राम्रो, बलियो र सुरक्षित बनाऔं' भन्ने अवधारणालाई प्रोत्साहित गरिनेछ ।
- खोज, उद्धार तथा राहतजस्ता विपद् प्रतिकार्यमा सहयोग पुऱ्याउन स्थानीय तहमा राजनीतिक दल र दल सम्बन्धित भ्रातृ संगठनहरूलाई समेत परिचालन गर्न सक्ने व्यववस्था मिलाइनेछ ।
- स्थानीय तहमा प्रतिकार्यलाई प्रभावकारी बनाउन सबै क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहने गरी क्षेत्रगत पद्धति **(Cluster System)** को अवधारणा स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूलाई प्रभावकारी बनाउन जवाफदेहिता, पारदर्शिता र उच्च गुणस्तरमा सुनिश्चितता गरिनेछ ।

### ६.४ स्थानीय तहमा नीति कार्यान्वयन

- आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी लागू गरिने ।
- आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइने ।
- आवश्यक वजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम आवश्यक संस्थागत संरचना निर्माण गरिने ।

## ७ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना : २०७५-२०८७ (सन् २०१८-२०३०)

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा २०१५-२०३० एउटा अन्तर्राष्ट्रिय मार्गदर्शन गर्ने विश्वव्यापी दस्तावेज हो भने नेपालको संविधान, २०७२ र विपद् जोखिम राष्ट्रिय रणनीति, २०६६ राष्ट्रिय मार्गदर्शन हुन् । नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाउँदै आएका प्रतिबद्धताहरू, नेपालको संविधान, २०७२ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को कार्यान्वयनबाट सिकेका कुराहरू र पहिचान गरिएका कमी कमजोरीहरूका साथै पछिल्लो पटक २०७२ सालको विनाशकारी भूकम्प र २०७१ र २०७४ को बाढीमा भोग्नु परेको पीडा र अन्य विपद्हरूको तथ्य तथ्यांक अनुभवबाट हामीले सिकेका पाठहरू हाम्रा व्यावहारिक मार्गदर्शन हुन् ।

यिनै मार्गदर्शनहरूलाई आत्मसात् गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना २०७५-२०८७ तयार पारिएको छ । रणनीतिक कार्ययोजनाको कार्यान्वयनबाट हरेक स्थानीय तहलाई उत्थानशील बनाउँदै उत्थानशील राष्ट्र निर्माणमा योगदान पुग्ने विश्वास गरिएको छ ।

रणनीतिक कार्ययोजनामा नेपालमा विपद्को समग्र अवस्थाका सम्बन्धमा विवेचना गरिएको छ । नेपालमा विपद् निम्त्याउने सडक दुर्घटना, महामारी, भूकम्प, पहिरो, बाढी, हिमपात पहिरो, खडेरी, आगलागी मुख्य प्रकोपहरू भएका र तिनले पार्दै आएको विपद्को अवस्थाका सम्बन्धमा चित्रण समेत गरेको छ । विपद्बाट कम आय भएका गरिब परिवार, सीमान्तकृत तथा बहिष्कृत समुदायहरू, महिलाहरू, बालबालिका, वृद्ध र अपांग व्यक्ति पर्ने गर्दछन् । विपद्का आयामहरू गतिशील भएकाले सम्मुखता र संकटउन्मुखता घटाएर तथा उत्थानशील अभिवृद्धि गरेर विपद् जोखिम न्यूनीकरण गर्न सकिने कुरा रणनीतिक कार्ययोजनाले सुझाएको छ ।

रणनीतिक कार्ययोजनाले लिएका चारवटा प्राथमिकताका क्षेत्र, अठार कार्यहरु र तिनको रणनीतिक क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनबाट विपद् जोखिम न्यूनीकरणको राष्ट्रिय लक्ष्य हासिल गर्नमा योगदान पुऱ्याउनु स्थानीय सरकारका लागि चुनौती रहेको छ ।

### ७.१ नीतिको दीर्घकालीन सोच, अपेक्षित परिणाम, उद्देश्यहरू

| दीर्घकालीन सोच | अपेक्षित परिणाम | उद्देश्यहरू |
|---|---|---|
| विपद् जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने । | विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य रूपमा कमी ल्याउनु, जीविको पार्जन, स्वास्थ्य,सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु । | विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवम् सामाजिक पूर्वाधार, सांस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै, विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवम् पुनर्स्थापना तथा पुनर्निर्माण सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिम रोकथाम गर्नु । |

## ७.२ राष्ट्रिय लक्ष्य (Targets)

| सि. नं. | सूचक | आधार रेखा (२०१५ सम्मको औसत) | अल्पकालीन (२०२० सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय स्तरमा विपद्बाट हुने मृत्युदर उल्लेख्य मात्रामा कम गर्ने | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | ९०० | ४०० | ३०० | २२५ |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | २,००० | १,७०० | १,२०० | ७०० |
| २ | राष्ट्रिय स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | १,३२,००० | ११०,००० | ८०,००० | ६५,००० |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १,८०० | १,६०० | १,१०० | ९०० |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १३,००० | ११,००० | ८,००० | ५,००० |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | ३०,००० | २५,००० | २०,००० | १५,००० |
| ३ | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रूपमा कम गर्ने | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१ | राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | २% | ०.५% | ०.२% | ०.१% |
| ४ | महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रूपले कम गर्न उत्थानशीलता विकास गर्ने | | | | |
| ४.१ | स्वास्थ्य भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास | | ७५० | ९०० | १२०० |
| ४.२ | कक्षा कोठाहरूको मर्मतसम्भार र प्रबलीकरण गरी उत्थानशीलता विकास | | १९,५०० | २५,००० | ३०,००० |
| ४.३ | विद्यालय भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास | | ७५० | १,२५० | १,७५० |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागि विद्यमान विद्यालयहरूबाट नमुना विद्यालयहरूको विकास | | ५०० | १,००० | १,५०० |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास | | २,५०० | ५००० | ७,००० |
| ४.६ | सांस्कृतिक सम्पदास्थलहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास | | १३० | २०० | ३०० |
| ४.७ | विमानस्थलहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास | | ७ | १४ | २१ |
| ४.८ | विद्यमान जलविद्युत् उत्पादन गृहहरु तथा बाँधहरूको प्रबलीकरण गरी उत्थानशीलता विकास | | २१ | ५६ | ९१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.९ | विद्युत् सबस्टेसनहरूको उत्थानशीलता विकास | | ४२ | ११२ | १८२ |
| ४.१० | खानेपानीका संरचनाहरूको मर्मतसम्भार गरी उत्थानशीलता विकास | | ३००० | ४५०० | ६००० |
| ४.११ | एकीकृत जलस्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत | | २५ | ४० | ६० |
| ४.१२ | उच्च जोखिमयुक्त हिमताल विस्फोटन बाढीको जोखिम न्यूनीकरण (संख्या) | २ | ३ | ५ | ७ |
| ४.१३ | बायो इन्जिनियरिङ प्रविधिद्वारा नदीकिनाराको संरक्षण (कि.मि.) | १,६७५ | ४,५०० | ७,२२५ | १०,००० |
| ४.१४ | जलाधारहरूको संरक्षण (संख्या) | ३,३४६ | ३,९०० | ४,४४८ | ५,००० |
| ४.१५ | ताल, सीमसार तथा पोखरीहरूको संरक्षण (संख्या) | १,७२७ | २८०० | ३९०९ | ५००० |
| ४.१६ | जलवायु स्मार्ट गाउँहरूको विकास | | ५० | ११३ | १७० |
| ४.१७ | जलवायु स्मार्ट कृषि प्रवर्द्धन गर्ने | | १५० | ३३३ | ५०० |
| ५ | प्रदेश र स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने | | | | |
| ५.१ | विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने प्रदेश र स्थानीय तहहरूको प्रतिशत | | १०० | १०० | १०० |
| ५.२ | संघ, प्रदेश र स्थानीय तहहरु र सरोकारवालाहरूबीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत) | | १०० | १०० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.३ | पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि 'अझ राम्रो र बलियो निर्माण'को सिद्धान्तका आधारमा स्रोतहरू व्यवस्थापन र कार्यान्वयन गर्ने सरकारी निकायहरूको प्रतिशत | | १०० | १०० | १०० |
| ६ | बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने | | | | |
| ६.१ | देशको कुल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | ५० | ७० | १०० |
| ६.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणालीमार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणालीमार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | २० | ५० | ८० | १०० |
| ६.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा र पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि तयार भएका स्थानीय तहहरूको प्रतिशत | | १०० | १०० | १०० |
| ६.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिमसम्बन्धी सूचना तथा जानकारी एवं आकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरूको प्रतिशत | | २० | ५० | १०० |
| ६.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | २५ | ५० | १०० | १०० |

### ७.३ रणनीतक कार्ययोजनाका प्राथमिकता प्राप्त क्षेत्र र कार्यहरू

- प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाइ (६५ क्रियाकलापहरु)
- प्राथमिकता प्राप्त क्षेत्र २: संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण (५८ क्रियाकलापहरु)
- प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन (५९ क्रियाकलापहरु)
- प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा 'अझ राम्रो र बलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढीकरण (९० क्रियाकलापहरु)

### ७.४ रणनीतिक क्रियाकलापहरु :

उल्लेखित चारवटा प्राथमिकता प्राप्त क्षेत्रहरु अन्तर्गत सञ्चालन गरिने अधिकांश रणनीतिक क्रियाकलापहरु कार्यान्वयन गर्ने जिम्मेवार निकायको रूपमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, प्रदेश सरकार र योजना आयोग रहेका छन् भने सहयोगी निकायको रूपमा स्थानीय सरकार रहेको छ ।

### ७.५ स्थानीय सरकारले जिम्मेवार भई अल्पकालीन सञ्चालन गर्नुपर्ने मुख्य रणनीतिक क्रियाकलापहरु

रणनीतिक कार्ययोजनाका हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत निरन्तर, अल्पकालीन (सन् २०१८-२०२०), मध्यकालीन (सन् २०१८-२०२५) र दीर्घकालीन (सन् २०१८-२०३०) रणनीतिक क्रियाकलापहरु संघ, प्रदेश तथा स्थानीय सरकार र तिनका सरोकारवाला सम्बद्ध निकायहरूबीचको आपसी सहयोग, समन्वय र सहकार्यमा सञ्चालन गर्नुपर्ने प्रस्ताव गरिएका छन् । स्थानीय सरकारले जिम्मेवार निकाय भई अल्पकालीन (सन् २०१८-२०२०) रूपमा सञ्चालन गर्नुपर्ने मुख्य रणनीतिक क्रियाकलापहरु निम्नबमोजिम रहेका छन् ।

#### ७.५.१ संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण तर्फ

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र स्थानीय तहमा सडक सुरक्षा इकाइ गठन गर्ने | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र स्थानीय तहमा सडक सुरक्षाको लागि संस्थागत व्यवस्था भएको हुनेछ | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

### ७.५.२ कानुनी र नियामक संरचनाको निर्माण

| | | | |
|---|---|---|---|
| स्थानीय तहहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना तयार गर्ने | स्थानीय तहमा प्रभावकारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना तयार भएको हुनेछ | स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| पूर्वाधार योजना डिजाइन र निर्माणका लागि विद्यमान मापदण्डहरू र मानकहरू (भूकम्प कोड, योजना नर्म्स) को पुनरावलोकन र परिमार्जन गर्ने | पूर्वाधार योजना डिजाइन र निर्माणका लागि परिष्कृत कोड, मानक, निर्देशिका आदि तयार भएको हुनेछ | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय सरकार | विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विशेष योगदान पुऱ्याउने कर्मचारीहरूलाई पुरस्कृत गर्ने प्रणाली विकास गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि विशेष योगदान पुऱ्याउने कर्मचारीहरूलाई पुरस्कृत गर्ने प्रणालीको विकास भै कर्मचारीहरूको कार्य सम्पादनमा सुधार भएको हुनेछ | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| स्थानीय तहमा आपत्कालीन कोष तथा खाद्य बैंकका लागि नियमावली र कार्य सञ्चालन विधि तयार गर्ने | प्रदेश र स्थानीय तहमा आपत्कालीन कोष र खाद्य बैंकका लागि जवाफदेहितासहित कार्य सञ्चालन विधि तयार भएको हुनेछ | स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |
| स्थानीय तहका आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको कार्य सञ्चालन विधि तयार गने | आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको कार्य सञ्चालन विधि अध्यावधिक भएको हुनेछ | स्थानीय सरकार | |
| स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समितिका लागि स्थानीय विपद् जोखिम व्यवस्थापन कार्य सञ्चालन विधि तयार र नियमित अध्यावधिक गर्ने | स्थानीय तहमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यको लागी कार्य सञ्चालन विधि तयार भएको हुनेछ | स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू |

### ७.५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी तर्फ

| | | | |
|---|---|---|---|
| जलवायु तथा विपद् जोखिम प्रभाव मूल्यांकन विधिसम्बन्धी तालिम सञ्चालन गर्ने | तालिम सञ्चालन भई जलवायु तथा विपद् जोखिम प्रभाव मूल्यांकन गर्ने जनशक्तिको विकास भएको हुनेछ | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरु |
| विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यक्रम **(National DRR Platform)** लाई सुदृढ बनाउने र स्थानीय तहमा विस्तार गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सरोकारवालाहरुको व्यापक सहभागिता भएको हुनेछ | नेपाल सरकार, स्थानीय सरकार | सरकारी निकायहरु, गैरसरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, अनुसन्धान संस्थाहरु |

### ७.५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशिताको सुनिश्चितता तर्फ

| | | | |
|---|---|---|---|
| विपद् जोखिम व्यवस्थापनका कार्यक्रम, नीति निर्माणमा जोखिममा रहेका नागरिक र जनताको पहुँच प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गर्ने । | विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ । | नेपाल सरकारको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्था, सामुदायिक संस्थाहरु, राजनीतिक दल तथा भातृ संगठन |

### ७.५.५ उत्थानशीलता वृद्धिमा लगानी प्रवर्द्धन

| | | | |
|---|---|---|---|
| महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको रुचि तथा आवश्यकता बमोजिम उनीहरूको जीवनस्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्न लगानी गर्ने | संकटउन्मुख समुदायको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, विकास साझेदार |
| विपद् जोखिम क्षेत्रका आर्थिक रूपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कार्यक्रम सञ्चालनको लागि लगानी गर्ने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ | नेपाल सरकारको कृषि मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु, विकास साझेदार |
| मनसुन पूर्व ढल तथा जल निकास मार्गहरु सफाइ गर्ने | बाढी उत्थानशीलताका लागि ढल तथा जल निकास मार्गहरु सफाइ गर्ने कार्यमा वृद्धि भएको हुनेछ | नेपाल सरकारको खानेपानी तथा सरसफाइ मन्त्रालय, स्थानीय सरकार | सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

### ७.५.६ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

| | | | |
|---|---|---|---|
| स्थानीय तहहरूले विपद् जोखिम न्यूनीकरणका कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैंगिक उत्तरदायी बजेट प्रणाली अनुसरण गर्ने | लैंगिक उत्तरदायी वजेट प्रणाली अनुसरण गरी विपद् जोखिम न्यूनीकरणमा लैंगिक समानता भएको हुनेछ | नेपाल सरकारको अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु |

### ७.५.७ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

| | | | |
|---|---|---|---|
| स्थानीय तहको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गरी तिनको कार्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनले प्राथमिकता पाउने कुराको प्रत्याभूति गर्ने | स्थानीय तहमा संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि भई प्रभावकारी विपद् व्यवस्थापन भएको हुनेछ | स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालय र प्रदेश सरकार |
| स्थानीय तहमा आपत् कालीन कार्य सञ्चालन केन्द्रहरु स्थापना गर्ने | सार्वजनिक भवन तथा स्थलहरु विपद् प्रतिकार्यका लागि पूर्वतयार भएका हुनेछन् | नेपाल सरकारको गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, निजी क्षेत्र |
| स्थानीय तहहरुमा पर्याप्त मात्रामा मानव तथा पशुपन्छी आश्रयस्थलहरु स्थापना गर्ने | स्थानीय स्तरमा विपद्को समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरु उपलब्ध भएका हुनेछन् | नेपाल सरकारको गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु |

### ७.५.८ विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास

| | | | |
|---|---|---|---|
| पूर्वसूचना सन्देश प्राप्त भई सके पछि विभिन्न प्रकारका प्रकोपहरूका सम्बन्धमा चाल्नु पर्ने कदमहरूबारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | पूर्वसूचना सन्देश प्राप्त भई सकेपछि उपयुक्त कार्यहरू गरिने सुनिश्चित भएको हुनेछ | नेपाल सरकारको गृह मन्त्रालय/ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा |
| पूर्वसूचना प्रणाली सञ्चालन र विभिन्न प्रकोप व्यवस्थापनमा संलग्न संस्थाहरूबीच पूर्वसूचना सम्प्रेषणसम्बन्धी प्रक्रियालाई मार्गदर्शन गर्न कार्य सञ्चालन विधि **(Standard Operating Procedure)** तयार गर्ने | पूर्वसूचना प्रणाली सञ्चालनको लागि कार्यविधि उपलब्ध भएको हुनेछ | नेपाल सरकारको गृह मन्त्रालय/विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, गैरसरकारी संस्थाहरू |
| पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, वृद्धवृद्धा, अपांग, आदिवासी र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | पूर्वसूचना प्रणाली समावेशी भएको हुनेछ | नेपाल सरकारको गृह मन्त्रालय/ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, गैर सरकारी संस्थाहरू |
| ज्येष्ठ नागरिक र आदिवासीहरूको वर्षौंदेखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासलाई पूर्वसूचना प्रणालीमा सदुपयोग गर्ने | पूर्वसूचना प्रणालीमा मौलिक ज्ञान र अनुभव समेटिएको हुनेछ | नेपाल सरकारको गृह मन्त्रालय/ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |

### ७.५.९ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्द्धन

| | | | |
|---|---|---|---|
| विद्यमान समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने | न्यूनीकरणमा समुदायहरू सशक्तीकरण भएका हुनेछन् | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरू |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालीकरण गर्ने | समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालीकरण भई स्थानीय स्तरमा प्रभावकारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन भएको हुनेछ | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू |
| स्थानीय विपद् प्रतिकार्य र खोज तथा उद्धार टोलीको गठन गर्ने | स्थानीय खोज तथा उद्धार कार्य प्रभावकारी भएको हुनेछ | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू |

### ७.५.१० विपद् पूर्वतयारीको लागि सञ्चार तथा प्रसारण प्रणाली सुदृढीकरण

| | | | |
|---|---|---|---|
| सामुदायिक सूचना केन्द्रहरू स्थापना गर्ने | विपद् जोखिमबारे समुदाय सुसूचित भएका हुनेछन् | प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू |
| स्थानीय समुदायको आवश्यकता र उपयुक्तताअनुसार सञ्चार तथा प्रसार विधि (जस्तै रेडियो, टीभी, फोन, एसएमएस, साइरन, आवाज, सूचना वाहक, झन्डोत्तोलन) अनुसरण गर्ने | विपद् सूचनामा संकटउन्मुख समूहको पहुँच वृद्धि भएको हुनेछ | नेपाल सरकारका सूचना तथा सञ्चार मन्त्रालय, गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू |

### ७.५.११ खोज तथा उद्धारको क्षमता अभिवृद्धि

| | | | |
|---|---|---|---|
| स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको कार्य सञ्चालन विधि तयार गर्ने र संघ, प्रदेश एवम् स्थानीय स्तरमा नीतिनिर्माता र पेसाकर्मीहरूलाई अभिमुखीकरण गर्ने | आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको कार्य सञ्चालनका लागि कार्यविधि उपलब्ध भएको हुनेछ | गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु |
| आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको **EOCs** क्षमता अभिवृद्धि गर्ने | आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको क्षमता अभिवृद्धि भएको हुनेछ । | नेपाल सरकारको गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु |
| सम्पूर्ण सरोकारवालाहरूको सहभागितामा प्रत्येक बर्ष मनसुन अगाडि विपद् पूर्वतयारी कार्यशाला र मनसुनपछि समीक्षा गोष्ठी गर्ने | विपद् पूर्वतयारी तथा प्रतिकार्यको परीक्षण भएको हुनेछ | नेपाल सरकारको गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु |
| राहत संकलन र परिचालनमा दोहोरोपना आउन नदिन कार्यविधि बनाई एकद्वार प्रणाली अवलम्बन गर्ने | स्थानीय तहमा खोज र उद्धार टोली स्थापना भएको हुनेछ | नेपाल सरकारको गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | सम्बन्धित मन्त्रालयहरु, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरु |
| वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरु **(First Responders)** तयार गर्ने | वडा तहमा प्रथम उद्धारकहरूको टोली स्थापना भएको हुनेछ | स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरु |

| | | | |
|---|---|---|---|
| विपद्बाट प्रभावित ब्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्ड **(Core Humanitarian Standard)** को अनुसरण गर्ने, गराउने | मानवीय सहायता गुणस्तरीय भएको हुनेछ | नेपाल सरकारको गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, |
| विपद्पश्चात सरकारी तथा गैरसरकारी क्षेत्रहरुबाट प्रदान गरीने राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरुमा संकटउन्मुख र सिमान्तकृत वर्गको प्राथमिकता र पहुँचमा वृद्धि सुनिश्चित गर्ने | राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरुमा सिमान्तकृत वर्गको पहुँच भएको हुनेछ | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, गैरसरकारी संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |
| स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने | स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना उपलब्ध भएको हुनेछ | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, गैरसरकारी संस्थाहरु, रेडक्रस अभियानका अंगहरु |
| विभिन्न तह (संघ, प्रदेश, स्थानीय, समुदाय) तथा क्षेत्र (विद्यालय, अस्पताल) मा प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्यका लागि नियमित रुपमा कृत्रिम घटना अभ्यास गर्ने | कृत्रिम घटना अभ्यास भै पूर्वतयारी तथा प्रतिकार्य प्रभावकारी भएको हुनेछ | नेपाल सरकारका गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार, | सम्बन्धित मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरु, संयुक्त राष्ट्रसंघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु आगलागी |
| आगलागी नियन्त्रण क्षमता अभिवृद्धि गर्न एकीकृत अग्नि नियन्त्रक समूह खडा गरी स्रोत, साधन र तालिममार्फत क्षमता अभिवृद्धि गर्ने | आगलागी नियन्त्रण क्षमता अभिवृद्धि भएको हुनेछ | नेपाल सरकारको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | सम्बन्धित मन्त्रालयहरु, नेपाल वारुण यन्त्र, नेपाल अग्नि नियन्त्रक स्वयम्सेवक संघ, रेडक्रस अभियानका अंगहरु |

### ७.५.१२ पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' अवधारणा प्रवर्द्धन

| | | | |
|---|---|---|---|
| विपद् प्रभावित परिवारको पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि पुनर्वास निर्देशिका तयार पारी कार्यान्वयन गर्ने | स्थानीय तहमा खोज र उद्धार टोली स्थापना भएको हुनेछ | सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश सरकार, स्थानीय सरकार | सम्बन्धित मन्त्रालयहरु |
| पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई समावेश गर्ने | भविष्यमा विपद् जोखिम कम भएको हुनेछ | नेपाल सरकारको साहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | सम्बन्धित मन्त्रालयहरु |
| पुनर्स्थापना र पुनर्निर्माणमा स्थानीय स्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने | पुनर्स्थापना र पुनर्निर्माण मितव्ययी तथा दिगो भएको हुनेछ | नेपाल सरकारको सहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | सम्बन्धित मन्त्रालयहरु |
| विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार जस्तै वृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने | भौतिक पूर्वाधार जस्तै वृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदि महिला, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु र बालबालिका मैत्री भएका हुनेछन् | नेपाल सरकारको गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय सरकार | सम्बन्धित मन्त्रालयहरु |

## ७.६ रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

- विषयगत मन्त्रालय वा विभागहरूको नियमित बजेट
- विषयगत मन्त्रालय वा विभागहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरु वा कार्यक्रमको लागि बजेट
- प्रमुख विपद् घटनापछि पुनर्लाभ र पुनर्निर्माणका लागि हरेक विभागमा विशेष बजेटको व्यवस्था
- प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोही विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुनर्निर्माणमा उपयोग गर्ने गरी "बजेट रकमान्तर" गर्ने व्यवस्था

## ७.७ स्थानीय तहको सार्वजनिक व्यय व्यवस्थापन

- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरु वा कार्यक्रमको लागि बजेट
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उपलब्धिमा आधारित अनुदान
- विपद् जोखिम न्यूनीकरणको अतिरिक्त व्ययभारको लागि थप अनुदान

## ७.८ नियामक प्रक्रियाबाट प्राप्त स्रोत

सहरी र क्षेत्रीय योजना, जग्गा प्लटिङ र अन्य भौतिक तथा पर्यावरणीय योजना नियमन

- निर्माण नियमहरु, निर्माण संहिता र निर्माण उद्योग लाइसेन्सका सर्तहरु
- खरिद सम्झौताका सर्तहरु
- शैक्षिक पाठ्यक्रम र सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्क
- बिमा, बैंकिङ कारोबार र कर्जाका सर्तहरु
- सम्पत्तिको मूल्यांकन र खरिद बिक्री दस्तुर
- प्राकृतिक स्रोत साधनहरु (वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी
- स्थानीय तथा सामुदायिक तहमा समर्पित 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष'
- निजी संस्थाहरु, नेपाल उद्योग वाणिज्य महासंघ, सहकारी, बैंक, वित्तीय संस्था तथा बिमा कम्पनीहरूको लगानी
- विकास साझेदारहरु (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघअन्तर्गतका निकायहरु, एसियाली विकास बैंक, विश्व बैंक) बाट सहयोग

- बिमा सुविधाहरूको व्यापक कभरेज र पहुँचमा सहजताका साथै विपद्पश्चात्को दाबीहरूको फ्रुत फर्स्योट
- भवन निर्माण संहिताको पालना र अझ राम्रो निर्माण तथा हरित विकास अवधारणामा आधारित प्रबलीकरणका लागि कर प्रोत्साहन
- विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका गतिविधिहरूको वित्तपोषणका लागि पेट्रोलियम उत्पादनहरूमा कर र लेभी
- व्यावसायिक सामाजिक जिम्मेवारी **(Corporate Social Responsibility)** र अन्य पहलहरूमार्फत निजी क्षेत्रबाट सहायता
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका आयोजना बजेट
- विश्व जलवायु लगानी संयन्त्र, हरित जलवायु कोष
- अन्तर सरकारी संगठनहरूको सहायता

## ७.९ कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

- स्थानीय तहमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्यांकन र समन्वय सम्बन्धित स्थानीय तहमा गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिहरूले गर्ने छन् ।
- छोटो अवधिको लागि परामर्शदाता नियुक्त गरेर तेस्रो पक्षद्वारा मूल्यांकनको व्यवस्था गरिनेछ ।

## ७.१० रणनीतिक कार्ययोजना पुनरावलोकन

रणनीतिक कार्ययोजना हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ । निम्न अवस्थामा अध्यावधिक गरिने व्यवस्था छः

- सरकारको कानुन र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउनु आवश्यक भएमा
- प्रमुख विपद् घटनापछिको सिकाइलाई समेट्न जरूरी भएमा
- पाँचवर्षे समीक्षाको निष्कर्ष र सिफारिसहरूका आधारमा

## ८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय सरकारले तत्काल गर्नुपर्ने न्यूनतम कुराहरू

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, आपत्कालीन कार्य सञ्चालन केन्द्र **(LEOC)** कार्य सञ्चालन कार्यविधि, स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, राहत संकलन र परिचालन कार्यविधि, पुनर्वास निर्देशिका, पूर्वसूचना प्रणाली कार्य सञ्चालन विधि तर्जुमा गरी कानुनी तथा नीतिगत व्यवस्था गर्ने ।
- स्थानीय विपद् व्यवस्थापन समिति, वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति, स्थानीय जोखिम न्यूनीकरण सञ्जाल **(Local DRR Platform)** गठन गर्ने ।
- समुदायमा आधारित पद्धति अवलम्बन गरी जोखिम पूर्वतयारी सम्बन्धी योजना तर्जुमा गर्ने ।
- आपत्कालीन स्वास्थ्य तथा महामारी नियन्त्रण योजना तर्जुमा गर्ने ।
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सूचना प्रणाली **(DIMS)** को विकास र सञ्चालन ।
- विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति (डीआरआर फोकल पर्सन)को व्यवस्था गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि बजेट विनियोजन गर्ने ।
- समुदायमा आधारित पद्धति अवलम्बन गरी विपद् जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरूको पहिचान गरी स्थानान्तरण गर्न आवश्यक कार्य गर्ने ।
- वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरु **(First Responders)** तयार गर्ने ।
- भौतिक संरचना निर्माण गर्दा भवन निर्माण आचारसंहिता पालना गर्न लगाउने ।
- भवनको वर्गीकरण गरी भूकम्प र विपद्का दृष्टिले जोखिमयुक्त भवनहरूलाई पुनर्निर्माण गर्न, प्रबलीकरण (रेक्ट्रोफिटिङ) गर्न वा भत्काउन आदेश दिने ।
- मनसुन पूर्व ढल तथा जल निकास मार्गहरु सफाइ गर्ने ।
- बाढीजन्य प्रकोपबाट वच्न पूर्वसूचना प्रणालीको व्यवस्था गर्ने ।
- विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारूण यन्त्रलगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ।
- मानवीय सहायता एवं बन्दोबस्ती स्थल तथा आपत्कालीन भण्डारण गृहको स्थापना गरी तिनको विकास र विस्तार गर्ने ।
- विपद् जोखिम न्यूनीकरणको विषयवस्तु अन्य क्षेत्रगत योजनाहरूमा मूल प्रवाहीकरण गर्ने ।
- विपद्सम्बन्धी जानकारी, सचेतना र सिकाइ समुदायस्तरसम्म अभिवृद्धि गर्ने ।

- संकटउन्मुख समूह (अपाङ्गता भएका व्यक्तिहरू) का लागि विशेष प्रकारको सञ्चार तथा प्रसार विधि अनुसरण गर्ने । महिला, बालबालिका, वृद्धवृद्धा र अपांगजस्ता सिमान्तकृत वर्गका ब्यक्तिहरूको खोज, उद्धार र प्रतिकार्यको क्रममा सुरक्षा र अन्य आवश्यकताहरूको लागि विशेष व्यवस्था गर्ने ।
- 'अझ राम्रो, बलियो र सुरक्षित बनाऔं' भन्ने अवधारणालाई प्रोत्साहित गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशील सरोकारवालाहरूको नक्सांकन गरी आपसी सहकार्य र समन्वय गर्ने ।

**"विपद् जोखीम न्यूनीकरणमा लगानी बढाऔं,**
**सुरक्षित समुदाय निर्माणमा योगदान गरौं ।"**

EU Aid Volunteers
We Care, We Act

DCA
actalliance